**नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड**
निर्वाचन अधिकृतको कार्यालय
<u>निर्वाचन कार्यक्रमको सूचना</u>

नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूह "क"बर्गबाट ३ जना, समूह "ख" बर्गबाट १ जना तथा सर्बसाधारण समूह "ग" बर्ग बाट २ जना संचालक पदको मिति २०७४।०४।२७ मा हुने निर्वाचनको प्रयोजनको लागि तपसिल बमोजिमको निर्वाचन कार्यक्रमको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएकोछ :

| क्र. सं | कार्यक्रम | मिति | समय देखि | समय सम्म | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०७४।०४।१९ | | ११.००बजे | निर्वाचन अधिकृतको कार्यालय | |
| २. | मतदाता नामावलीमा दावी विरोध गर्ने | २०७४।०४।२० | ११.०० | १५.००बजे | | |
| ३. | मतदातानामावली उजुरीमा छानविन गरी अन्तीम मतदाता नामावली प्रकाशित गर्ने | २०७४।०४।२० | | १६.०० बजे | | |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७४।०४।२२ | ११.०० | १४.३०बजे | | |
| ५. | मनोनयनपत्र दर्ता भएका उम्मेदवारहरुको नामावली प्रकाशित गर्ने | २०७४।०४।२२ | | १५.००बजे | | |
| ६. | उम्मेदवारको विरोधमा उजुरी दिन सकिने | २०७४।०४।२३ | ११.०० | १५.००बजे | | |
| ७. | उम्मेदवार मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरी नामावली प्रकाशित गर्ने | २०७४।०४।२३ | | १६.००बजे | | |
| ८. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने | २०७४।०४।२५ | ११.०० | १५.३०बजे | | |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०७४।०४।२५ | | १६.००बजे | | |
| १०. | मतदान गर्ने, मतगणना गर्ने र परिणाम घोषणा गर्ने | २०७४।०४।२७ | | | निर्वाचन,मतगणना, परिणाम,घोषणा, निर्वाचन स्थलमा | |

निर्वाचन अधिकृतको सही
मिति२०७४।०४।१०

## निर्वाचन सम्बन्धी थप जानकारी

१) संचालक निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यहरु बीमा ऐन २०४९, कम्पनी ऐन २०६३, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७३, **नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी** लिमिटेडको प्रबन्धपत्र, नियमावली तथा सञ्चालक निर्वाचन सम्वन्धी निर्देशिका २०६५ तथा कम्पनीले साधारणसभा बारेमा प्रकाशित गरेको सूचनामा उल्लेख भए अनुसार हुनेछ ।

२) सचालक पदको कुनै उम्मेदवार कालोसूचीमा पर्ने फुकुवा भएको भए वा अन्य कुनै कारणबाट सचालक पदबाट निलम्बित वा सचालक हुन अयोग्य रही सो फुकुवा भएको भए सम्बन्धित निकायको फुकुवापत्र स्वयंले प्रतिलिपी प्रमाणित गरी आफनो मनोनयन पत्र साथ पेश गर्नु पर्नेछ ।

३) उम्मेदवारको मनोनयन पत्रको ढाचा मनोनयनपत्र निर्वाचन अधिकृतको कार्यालय, मुकाम लाजिम्पाट, काठमाडौं स्थित कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

४) प्रतिनिधि मुकरर र दर्ता गराउन :

क) निर्वाचन निर्देशिका को निर्देशन न. को व्यवस्था अनुसार कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्ती लाई प्रतिनिधि मुकरर गर्न सकिने छैन ।

ख) प्रतिनिधिपत्रको ढाँचा कम्पनी ऐन २०६३ वा कम्पनीले प्रकाशित गरेको वार्षिक साधारणसभा २०७४ सम्बन्धि पुस्तिकामा उल्लेख भएको नमुना अनुसार हुनु पर्नेछ । तर शेयरधनीबाट सही छाप भई प्राप्त प्रतिनिधिपत्र (प्रोक्सी)को फोटो कपी,ईमेल वा फयाक्स मार्फत प्राप्त प्रोक्सी फारम स्विकार गरिने छैन ।

ग) शेयरधनीहरु बाट प्राप्त प्रतिनिधिपत्र फाइलमा फाईलिङ्ग गरी निम्न अनुसारको ढांचामा निर्वाचन अधिकृतको कार्यालय,मुकाम नारायणचौर, काठमाडौं स्थित कम्पनीको प्रधान कार्यालयमा मिति २०७४ ०४ २१ देखि २०७४।०४।२५ सम्ममा यसै सूचनाको खण्ड (ख) मा उल्लेखित समय भित्र पेश गरी सक्नु पर्ने छ । यसरी प्रोक्सीको फाइल पेश गरिए पछि निर्वाचन अधिकृतको कार्यालयबाट सो फाईल बुझि लिएको निस्सा,भरपाई दिईनेछ ।

संस्थापकसमूह "क" / "ख" / सर्वसाधारण "ग" समूह को प्रतिनिधिपत्र (प्रोक्सी) पेश गर्ने

शेयरधनीको नाम :.............................................शेयरधनी परिचय नम्बर :...................

ठेगाना :

| क्रम संख्या | प्रतिनिधि मुकरर गर्ने | | | कैफियत |
|---|---|---|---|---|
| | शेयरधनीको नाम | शेयरधनी परिचय नम्बर | शेयर कित्ता | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

जम्मा शेयर कित्ता:__________

.......................................

प्रतिनिधिपत्र पाउने दस्तखत

पेश गरेको मिति : २०७४।०४।... गते

समय : ............ बजे

छ) मिति २०७४।०४।२० बाट मिति २०७४।०४।२३ सम्म कार्यालय खुलेको दिन विहान ११:०० बजे देखि वेलुकी १६:०० बजे सम्म तथा मिति २०७४।०४।२५ का दिन विहान ०८ बजे देखि बिहान१०.३० बजेसम्म निबांचन अधिकृतको कार्यालय (मुकाम लाजिम्पाट,काठमाडौ स्थित कम्पनीको प्रधान कार्यालयमा) तोकिएको ढांचाको प्रतिनिधिपत्रको फाइल बुझीलिने व्यवस्था गरिएको छ ।

ज) निर्वाचन प्रकृया सम्बन्धी थप जानकारी कम्पनीको निर्बाचन सम्बन्धि निर्देशिका २०६५ बाट तथा आवश्यक भएमा निर्वाचन अधिकृतको कार्यालय मुकाम, लाजिम्पाट,काठमाडौ स्थित कम्पनीको प्रधान कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

.............................
अनिल राज शर्मा
अधिवक्ता/निर्वाचन अधिकृत

मिति २०७४।०४।१०